नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

खाद्य स्वच्छता र गुणस्तरको महत्वलाई आम जनमानसमा पुर्याउन विभागले चौध वर्ष अघि देखि शुरु गरेको खाद्य स्वच्छता दिवसको अभियानलाई समर्थन हुने गरी कोडेक्स एलिमेन्टेरियस कमिशन, खाद्य तथा कृषि संगठन (FAO) र विश्व स्वास्थ्य संगठन (WHO) को प्रस्तावमा सन् २०१८ डिसेम्बर २० का दिन संयुक्त राष्ट्र संघको महासभा (UN General Assembly) ले हरेक वर्ष जुन ७ का दिन विश्व खाद्य स्वच्छता दिवस (World Food Safety Day) मनाउने निर्णय गरिएको थियो। यस वर्षको विश्व खाद्य स्वच्छता दिवस २०२२ को मुल नारा "स्वच्छ सन्तुलित आहार, स्वस्थ जीवनको आधार (Safer Food, Better Health)" तय गरेको छ । खानपानमा स्वच्छता र सन्तुलित नहुँदा धेरै प्रकारका रोगहरु लाग्न सक्दछ । विश्व स्वास्थ्य संगठन (WHO) को तथ्याङ्क अनुसार विश्वमा हरेक वर्षमा अस्वच्छकर एवं दूषित खाद्य पदार्थबाट झाडापखाला देखि क्यान्सरसम्म गरि २०० वढी रोग लाग्ने, प्रत्येक दस जना मध्ये एक जना विषाक्त खाद्य पदार्थको उपभोगका कारण विरामी हुने, ४ लाख २० हजार खाद्य जनित रोगबाट मृत्यु हुने तथा झाडापखालाबाट करिव ५५ करोड विरामी र २ लाख ३० हजारको मृत्यु हुने गर्दछन् । विश्व स्वास्थ्य संगठनको अध्ययन अनुसन्धान अनुसार तरकारी फलफूलमा जीवनाशक विषादीको अवशेष, पशुपन्छीजन्य खाद्य पदार्थमा एण्टिबायोटिक अवशेष, खाद्यान्नमा ढुसीजन्य विशालुको समस्या रहेको औंल्याएको छ । यसर्थ स्वस्थ तथा सवल जनशक्ती राष्ट्र निर्माणको महत्वपुर्ण आधार स्तम्भ भएकोले समग्र देश विकासका लागि समेत स्वच्छ र सन्तुलित खानपान अपरिहार्य छ ।

यसै सन्दर्भमा यस विभागले "स्वच्छ सन्तुलित आहार, स्वस्थ जीवनको आधार" भन्ने नारा सहित विश्व खाद्य स्वच्छता दिवस २०२२ मनाइ रहेको छ । हाम्रो संविधानले हरेक नेपालीका लागि खाद्य सम्वन्धि हकको सुनिश्चितता गरेको छ । नागरिकको खाद्य सम्वन्धी हकलाई परिपूर्ण बनाउँदै सरकारले "कोहि भोकै पर्दैन, कोहि भोकले मर्दैन" भन्ने नीति तय गरि कार्यान्वयनमा ल्याएको छ । पछिल्लो पटक फैलिएको कोभिड-१९ को विश्वव्यापी महामारीका जोखिम कम गर्न सन्तुलित र स्वच्छ खाद्य पदार्थमा जोड दिएको थियो । खाद्य श्रृंखलाका विभिन्न चरणमा खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्न विभिन्न सरोकारवालाहरुको भूमिकालाई महत्व दिई आ-आफ्नो क्षेत्रबाट उपयुक्त रुपमा सम्बोधन गर्न सम्वन्धित सरकारी एवं गैर सरकारी संघसस्थाहरु, अन्तर्राष्ट्रिय विकास साझेदारी संघसस्थाहरु, खाद्य उद्योगहरु, खाद्य तथा पोषणसंग सम्वन्धित संघसस्थाहरु, उपभोक्ता हकहितसंग सम्वन्धित संघसस्थाहरुका साथै जनचेतनाका संवाहक पत्रकारहरु समेतको सहकार्यमा विविध कार्यक्रमहरु सहित सम्पूर्ण सरोकारवालाहरुको सहकार्यका लागी आह्वानका साथ "स्वच्छ सन्तुलित आहार, स्वस्थ जीवनको आधार" भन्ने नारा सहित खाद्य स्वच्छता दिवस मनाउन लागिएको छ ।

यस विश्व खाद्य स्वच्छता दिवसको अवसरमा २०७९ जेठ १८ देखि २४ (1 – 7 June 2022) सम्म सप्ताहव्यापी रुपमा खाद्य स्वच्छता सम्वन्धि निम्न कार्यक्रमहरु सन्चालन गरि भव्यताका साथ मनाउन गइरहेका छौं ।

- विश्व खाद्य स्वच्छता दिवस, २०७९ जेठ २४ (7 June 2022) को अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू तथा महानिर्देशकज्यूको शुभकामना एवं सन्देश राष्ट्रिय दैनिक पत्रिकाबाट प्रकाशन
- विश्व खाद्य स्वच्छता दिवसको नारा र सन्देश सहितको व्यानर विभिन्न मन्त्रालय, विभाग र यस विभाग मातहतका कार्यालय तथा डिभिजन कार्यालयहरुमा राख्ने एवं विभागको वेभसाइटमा अपलोड
- विभाग र मातहतका कार्यालयहरुबाट स्ट्रिट फूड स्वच्छता अभिवृद्धि कार्यक्रम
- विभाग र मातहतका कार्यालयहरुबाट होटल रेष्टुरेण्ट अनुगमन निरिक्षण एवं स्तरीकरण गरि लोगो वितरण कार्यक्रम
- खाद्य उद्यमी व्यवसायीहरुसंग खाद्य स्वच्छता एवं अन्तरकृया कार्यक्रम
- विभाग मातहतका कार्यालयहरुबाट खाद्य उद्यमी व्यवसायीहरु संग खाद्य स्वच्छता सम्बन्धी, अन्तरकृया कार्यक्रम
- खाद्य स्वच्छता तथा पोषण सम्वन्धि स्कूल शिक्षा कार्यक्रम सन्चालन
- विश्व खाद्य स्वच्छता दिवसको नारा तथा खाद्य स्वच्छता सम्वन्धी सूचना सन्देशका चेतनामूलक पर्चा पम्प्लेट प्रकाशन तथा वितरण गरि प्रचार प्रसार
- खाद्य स्वच्छतासंग सम्वन्धित सरोकारवालाहरुः सरकारी निकाय, गैर सरकारी संघसस्था, शिक्षण संघसस्था, एवं उपभोक्ता हकहित संग सम्वन्धि संघसस्थाहरु लगायतको सहभागीतामा विश्व खाद्य स्वच्छता दिवस, ७ जुन २०२२ का दिन बिहान प्रभातफेरि कार्यक्रम गरी सोहि दिन दिउँसो मूल समारोह कार्यक्रम सन्चालन गर्ने । मूल समारोह कार्यक्रममा खाद्य स्वच्छताका आधारमा छनौट भएका उत्कृष्ट खाद्य उद्योगहरुलाई प्रमाण प्रत्र प्रदान गर्ने ।

यसरी विश्व खाद्य स्वच्छता दिवस २०२२ मनाउने सिलसिलामा खाद्य स्वच्छता सम्वन्धी जानकारी तथा यसको महत्व वारे आम जनमानसलाई सुसूचित गर्न एवं खाद्य उद्यमी व्यवसायी लगायतका सरोकारवालाहरुले अपनाउनु पर्ने स्वच्छता र गुणस्तरसंग सम्वन्धित विषयहरुका सन्देश पुर्याउन पत्रकार मित्रहरुको महत्वपूर्ण भूमिका रहने भएकोले यहाँहरु सवैको सकृय सहयोग र सहभागीताको अपेक्षा गर्दै सम्पूर्ण पत्रकार मित्रहरु प्रति धन्यवाद ज्ञापन एवं कार्यक्रममा सहभागिताको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०७९/०२/१८